CamScanner

सिम्रौनगढ नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्या:५ मितिः २०८३/०२/२५

भाग-२

सिम्रौनगढ नगरपालिका

## लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक सामावेशीकरण नीति २०८२

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/१०/२८
नगर प्रमुखबाट प्रमाणीकरण मितिः २०८२/१०/२८

# लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण नीति, २०८२

## Gender Equality, Disability and Social Inclusion (GEDSI) Policy

सिम्रौनगढ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिम्रौनगढ, बारा
मधेश प्रदेश, नेपाल
२०७३

**सिम्रौनगढ नगरपालिका**

**बारा, मधेश प्रदेश**

## १. परिचय

नेपालको संविधानले वर्गीय, क्षेत्रीय, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्ध र सामाजिक न्याय सुनिश्चित गर्ने समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समाजवाद उन्मुख समातामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ। समानताको हक, छुवाछूत तथा भेदभाव विरुद्धको हक, शोषण विरुद्धको हक, बालबालिकाको हक, महिलाको हक, दलितको हक, जेष्ठ नागरिकको हक, सामाजिक न्यायको हक लगायत शिक्षा, स्वास्थ्य, पोषण जस्ता अधिकारहरुलाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ।

नेपाली समाजमा रहि आएको सामाजिक र आर्थिक विभेदलाई हटाउन लैङ्गिक समानता र सामाजिक समावेशीकरणको विषय तीनवटै तहका सरकारहरुको प्राथमिकतामा रहेको छ। समाजमा विद्यमान लैङ्गिक तथा जातीय असमानता, असमान व्यवहार, महिला हिंसा, शोषण तथा उत्पीडन, गरिवीजस्ता विसंगतिहरुलाई हटाउन नेपाल सरकारले विभिन्न अन्तर्राष्ट्रिय सन्धी र सम्झौताहरु मार्फत्त आफ्नो प्रतिबद्धता जाहेर गरेको छ भने त्यसको कार्यान्वयनका लागि राज्यको तीनै तहका सरकारहरुले विभिन्न ऐन तथा नीति नियमहरु जारी गरी कार्यान्वयन गरिरहेको छ।

### १.१ नीतिको आवश्यकता तथा औचित्य

नेपालको संविधानले समानताको हक (धारा १८) ले धर्म, जात, लिङ्ग वा अन्य आधारमा भेदभाव गर्न निषेध गर्दछ र कानूनी समानताको अधिकार दिन्छ। यसमा सीमान्तकृत समूहहरूको उत्थानका लागि विशेष प्रावधानहरू निर्माण गर्ने उल्लेख गरिएको छ।

**महिलाको हक (धारा ३८) :** यस धारा ले महिलालाई राज्यका सबै अंगहरूमा समानुपातिक समावेशी सिद्धान्तअनुसार सहभागित हुन पाउने हक दिन्छ। यसले महिलाहरूलाई हिंसा, प्रजनन अधिकार उल्लङ्घन र भेदभाववाट थप सुरक्षा दिन्छ। दलितको हक (धारा ४०) ले दलित समुदायका लागि विशेष अधिकारहरूमा स्थानीय शासनमा समान प्रतिनिधित्व, नि:शुल्क शिक्षा र परम्परागत भेदभावको विरुद्धका उपायहरू समावेश छन्। यसले स्थानीय सरकारलाई दलित समुदायको संरक्षण र उत्थानका लागि कार्यक्रमहरू कार्यान्वयन गर्ने जिम्मेवारी दिन्छ।

**सामाजिक न्यायको हक (धारा ४२) :** यस धाराले सरकारी निकाय र सार्वजनिक सेवाहरूमा आर्थिक, सामाजिक वा शैक्षिक रूपमा पछाडि परेका समुदायहरूको समान प्रतिनिधित्व सुनिश्चित गर्दछ। त्यस्तैगरि संविधानको धारा ५० र धारा ५१ (राज्यका निर्देशक सिद्धान्त र नीतिहरू): यी धाराहरूले सरकारलाई महिला, दलित, आदिवासी जनजाति र अन्य सीमान्तकृत समुदायहरूको शासन र निर्णय प्रक्रियामा सहभागिता सुनिश्चित गर्न निर्देशन दिन्छ।

संविधानले स्थानीय निर्वाचनमा महिला र सीमान्तकृत समूहको न्यूनतम प्रतिनिधित्व सुनिश्चित गरेको छ। स्थानीय सरकारको नेतृत्वमा महिलाको सहभागिता अनिवार्य बनाइएको छ र प्रत्येक वडा समितिमा कम्तिमा एक महिला र एक दलित महिला हुनु आवश्यक छ।



नगर कार्यपालिकाको कार्यालय
सिमौनगढ, बारा
मधेश प्रदेश नेपाल

**सङ्घीय संरचना र विकेन्द्रीकरण (धारा ५६) :** संविधानको सङ्घीय संरचना (धारा ५६) ले स्थानीय सरकारलाई आफ्नो क्षेत्रका लै. स. सा. स.का मुद्दाहरूलाई सम्बोधन गर्ने अधिकार दिन्छ । स्थानीय तहहरू सामाजिक विकास, स्वास्थ्य र सामुदायिक कल्याण जस्ता कार्यक्रमहरूको जिम्मेवारी राख्छन्, जसमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण. लैं. स. सा. स. को प्रवर्द्धन समावेश गरिएको छ ।

**स्थानिय सरकार संचालन ऐन, २०७४ :** यस ऐनले महिला, दलित र अन्य सीमान्तकृत समूहहरूको सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्न स्थानीय सरकारलाई बाध्य बनाउँछ । यो ऐन स्थानीय तहको शासनको मुख्य आधार हो र समावेशी योजना, वजेट निर्माण र नीति कार्यान्वयनका लागि क्षेत्रीय समितिहरू र सामुदायिक संस्थाहरूको स्थापना गर्ने व्यवस्था गर्छ ।

**राष्ट्रिय महिला आयोग ऐन, २०७४ :** यस ऐनले राष्ट्रिय महिला आयोगलाई लैङ्गिक समानता र सामाजिक समावेशीकरणका लागि नीतिहरूको अनुगमन, मूल्याङ्कन र सिफारिस गर्ने अधिकार दिन्छ । आयोगले महिला अधिकारको संरक्षण, भेदभाव निवारण र महिला सशक्तीकरणका लागि स्थानीय सरकारहरूसँग सहकार्य गर्दछ ।

**सामाजिक सुरक्षा ऐन, २०७५ :** यस ऐनले महिला, जेष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समुदायका लागि सामाजिक सुरक्षा सुनिश्चित गर्छ । स्थानीय सरकारहरू यी समूहहरूलाई सामाजिक सुरक्षा सुविधाहरू प्रदान गर्न जिम्मेवार छन्, जसले उनीहरूलाई आर्थिक रूपमा समावेश गर्न मद्दत गर्दछ ।

**राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ :** लैङ्गिक समानतायुक्त राष्ट्र निर्माण दीर्घकालीन सोच रहेको यस नीतिका रणनीति हरूमा सामाजिक मूल्य मान्यताहरूको समय सङ्गत परिवर्तन देखि लैङ्गिक मैत्री कानून निर्माण तथा परिमार्जन समेत रहेका छन् । यस नीतिमा महिलाको अर्थमूलक प्रतिनिधित्व, लैङ्गिक हिंसा निवारण तथा बालविवाह जस्ता कुप्रथा बिरुद्ध प्रतिबद्धता जनाइएको छ । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धि ऐन २०७४: अपाङ्गता भएका व्यक्तिलाई समान अवसर, समान पहुँच, सम्मानजनक जीवनको अधिकार शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा र यातायातमा सहजीकरण, अपाङ्गता दर्ता, पहिचान र सुविधा पाउने प्रक्रिया सार्वजनिक भवन, सडक, सूचना प्रवाह सबैमा पहुँच सुनिश्चित गरेको छ ।

**सोह्रौं योजना (२०८१/८२-२०८५/८६) :** नेपालको सोहौं योजनाले “सुशासन, सामाजिक न्याय र समृद्धि” को सोच अन्तर्गत लैङ्गिक समानता, सामाजिक न्याय तथा समावेशी समाज निर्माणलाई आफ्नो एक प्रमुख उद्देश्य र रणनीति बनाएको छ । यस योजनाले संविधानले प्रत्याभूत गरेका मौलिक हक तथा अधिकारको कार्यान्वयन गर्दै लक्षित वर्गको सशक्तीकरण, समावेशीकरण र दृटछ सामाजिक परिचालन मार्फत समाजमा रहेका संरचनात्मक अवरोध चिरेर हरेक व्यक्ति र समुदायले आफ्नो क्षमताको पूर्ण उपयोग गर्न सक्ने समावेशी समाज निर्माणमा जोड दिएको छ । .

स्थानीय तहको समन्वयमा गरीब घरपरिवार पहिचान गरी लक्षित परिवारलाई शिक्षा, स्वास्थ्य, सीप विकास र रोजगारी मार्फत उद्यमशीलता विकास तथा राज्यप्रदत्त सेवामा सहुलियत दिने कुरा योजनामा समावेश छन् । योजनाले राज्य संयन्त्रमा महिलाको प्रतिनिधित्व वृद्धि (जस अन्तर्गत स्थानीय तहमा महिला प्रतिनिधित्व ४५% पुर्याउने लक्ष्य राखिएको छ), सम्पत्तिमा महिलाको स्वामित्व बढाउने जस्ता लैङ्गिक समानता र सामाजिक



सिमौनगढ नगरपालिका नगर कार्यपालिकाको कार्यालय सिमौनगढ, बारा मधेश प्रदेश नेपाल

न्यायका परिमाणात्मक लक्ष्यहरू निर्धारण गरेको छ। यसले स्रोत साधनको वितरणमा रहेको असमानतालाई सम्बोधन गर्ने लक्ष्य राखेको छ।

तसर्थ महिला, दलित, बालवालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक तथा सिमान्तकृत समुदायहरुको स्थानीय सरकारमा अर्थपुर्ण सहभागिता, क्षमता अभिवृद्धि, स्थानिय सेवा सुविधामा समान पहुँच तथा विकासका लाभको समन्यायिक वितरणका गरि समतामुलक समाज निर्माण गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि सिम्रौनगढ नगरपालिकाले **"लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण नीति, २०८२"** तयार गरेको छ ।

**१.२ सिम्रौनगढ नगरपालिकाको लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशिकरणको अवस्था**

मधेश प्रदेशको बारा जिल्लामा अवस्थित सिम्रौनगढ नगरपालिका बारा जिल्लाको सदरमुकामबाट करिव २० कि.मि दक्षिण पुर्वि भेकमा छिमेकी राष्ट्र भारतको सिमाना संग जोडिएको छ। यो नगरपालिका ४२.६५ वर्ग किलोमिटरमा फैलिएको छ साथै यस नगरपालिकामा ११ वडाहरु छन। २०७८ को जनगणना अनुसार यस नगरपालिकाको कुल जनसंख्या ५४,८७८ (महिला २८,३३० र पुरुष २६,५४८) छ। महिलाको संख्या पुरुषको संख्या भन्दा १७८२ ले बढि छ। त्यस्तैगरि अपाङ्गगता भएको व्यक्तिको संख्या ८८३ जना अर्थात कुल जनसंख्याको १.६ प्रतिशत ( महिला १.३ प्रतिशत र पुरुष १.९ प्रतिशत) रहेको छ।

यस नगरपालिकामा विभिन्न जातजातिहरु यादव, मुसलमान,कोईरी कुसवाह, कानु, चमार/हरिजन/राम, दुसाध/पासवान/पासी, विन,कुर्मि तथा नुनिया बसोवास गर्दछन्। यस नगरपालिकामा हिन्दु (८२.१ प्रतिशत) र इस्लाम (१७.८ प्रतिशत) अन्य अन्य धर्मालम्विहरु (०.१ प्रतिशत) बसोबास गर्दछन्। यस नगरपालिकाको साक्षरता ५७.५ प्रतिशत छ जसमा महिलाको ४८.२ र पुरुषको ६६.३ प्रतिशत रहेको छ। घरपरिवारको कुल संख्या ८,५३१ जसमा औषत परिवार सदस्य संख्या ६.४३ रहेको छ। यस नगरपालिकामा जम्मा विद्यालय संख्या ३७ (१० निजि, २७ सामुदायिक) छ। विद्यालय तह अनुसार पुर्व विद्यालय २८, आधारभुत विद्यालय संख्या ३७ र माध्यामिक विद्यालय संख्या ४ जसमध्ये २ विद्यालयहरुमा प्लस टु संचालन भईरहेको छ। यस पालिकामा मुख्यतया: भोजपुरी भाषा बोलिन्छ। यसका अलवा उर्दु, हिन्दी तथा मैथिली भाषा बोल्ने गरिन्छ।

बालविवाह, दाइजोप्रथा, लैंङ्गिक तथा जातिय विभेद, शारीरीक अवस्थामा गरिने विभेद तथा पालिकास्तरबाट, समुदाय तथा विभिन्न संघसस्थाहरुको तवरबाट विभिन्न प्रयत्न गरिएता पनि बालविवाह, दाईजो प्रथा, छोराछोरीमा गरिने लैङ्गिक विभेद तथा महिला हिंसा अन्त्य हुन सकिरहेको छैन।

## २. नीति

### २.१ दिर्घकालिन सोच (Vision)

लैङ्गिक तथा सामाजिक विभेद, हिंसा तथा आर्थिक असमानताको अन्त्य गरि समतामुलक समाज निर्माण गर्ने ।

### २.२ लक्ष्य (Goal)



सिम्रौनगढ नगर कार्यपालिकाको कार्यालय सिम्रौनगढ, बारा मधेश प्रदेश नेपाल २०७३

लैङ्गिक तथा सामाजिक विभेद तथा हानिकारक सामाजिक मुल्यमान्यताहरुको अन्त्य गरि लैङ्गिक तथा सामाजिक उत्तरदायिक संरचना, कार्यक्रम, कार्यप्रणाली तथा बजेट निर्माण गरि पछाडि पारिएका लिङ्ग, वर्ग,समुदायको स्थानीय तहको नीति निर्माण, कार्यान्वयन प्रकृया तथा विकासको प्रतिफलमा समान अवसर, पहुँच तथा सहभागिता सुनिश्चित गर्ने ।

## २.३ उद्धेश्य (Objective):

१ समावेशि तथा लैङ्गिक उत्तरदायि नीति, कार्यविधि, निर्देशिका, कार्यक्रम तथा बजेट निर्माण गरि तथा विभेद र वञ्चितिकरणमा परेका वा पारिएका महिला, बालवालिका, दलित, अपाङ्गता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, दिर्घ रोगी, किसान, अति विपन्न, मजदुर, भुमिहिन, सुकुम्वासी, ज्येष्ठ नागरिकहरुको विशेष आवश्यकता सम्वोधन गर्ने ।

२ महिला, बालवालिका, दलित, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, दिर्घ रोगी, किसान, अति विपन्न, मजदुर, सुकुम्वासी, ज्येष्ठ नागरिक तथा विभेद र वञ्चितिकरणमा परेका वा पारिएका वर्गको क्षमता अभिवृद्धि गरि स्थानीय नीति निर्माण तथा विकास प्रकृयामा उनीहरुको अर्थपुर्ण सहभागिता सुनिश्चित गर्ने ।

३ स्थानीय गैरसरकारी संस्था, टोल विकास तथा सामुदायिक संस्थाहरुसंग समन्वय तथा सहकार्य गरि असमानता, विभेद तथा महिला हिंसा विरुद्ध अभियान संचालन गरि व्यक्तिको सोच तथा व्यवहारमा सकारात्मक परिवर्तन गरि लैङ्गिक विभेद तथा हानिकारक सामाजिक अभ्यासहरुको अन्त्य गर्ने ।

## ३. प्रमुख नीति

१. सिम्रौनगढ नगरपालिकाको नीति, निर्देशिका, कार्यविधि अनुसार यस लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण नीतिको कार्यान्वयन गरिनेछ ।

२. महिला, बालवालिका, दलित, मधेशी, अपाङ्गता भएका व्यक्ति, विविध लैङ्गिक तथा यौनिक पहिचान भएकाव्यक्ति तथा ज्येष्ठ नागरिकहरुको नेतृत्व विकास गरि उनीहरुको स्थानीय योजना निर्माण तथा कार्यान्वयन प्रकृयामा अर्थपुर्ण सहभागिता वृद्धि गरिनेछ ।

३. समतामुलक विकासको अवधारणा अनुसार पछाडि परेका वा पारिएका वर्ग, समुदाय र क्षेत्रका नागरिकको माग, आवश्यकता र प्राथमिकता अनुसारका विकास कार्यक्रमहरु कार्यान्वयन गर्न संस्थागत संरचना, जनशक्ति र बजेट सुनिश्चित गरिनेछ ।

४. महिला, बालबालिका, दलित, आदिवासी जनजाति, जेष्ठ नागरिक, सिमान्तकृत लगायत तथा विभेद र वञ्चितीकरणमा परेका वा पारिएका वर्ग र क्षेत्रका नागरिकको आर्थिक, सामाजिक र लैङ्गिक सशक्तिकरण गर्दै लगिनेछ ।

५. सिम्रौनगढ नगरपालिकाको कार्य प्रणाली, प्रक्रिया र नतिजामा आवद्ध हुनेगरी लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणको अवधारणालाई संस्थागत रुपमा मूलप्रवाहीकरण गरिनेछ ।

**३.१ रणनीति तथा कार्यनीति**

**रणनीति १:** महिला हिंसा, बालविवाह, दाइजोप्रथा, जातिय विभेद अन्त्यका लागि विशेष अभियानहरु तथा कार्यक्रम संचालन गरिनेछ ।

कार्यनीति

१ गैरसरकारी संस्था, टोल विकास तथा सामुदायिक संघ संस्थाहरु संग समन्वय तथा सहकार्यमा समुदाय तथा पालिका स्तरमा महिला हिंसा, बालविवाह, दाइजोप्रथा तथा जातिय विभेद विरुद्ध विभिन्न कार्यक्रम तथा सचेतनामुलक अभियानहरु संचालन गरिनेछ ।

२ समुदाय स्तरका धार्मिक गुरुहरु, पुरोहित तथा सामाजिक अभियन्ताहरुको क्षमता अभिवृद्धि गरि उनीहरुको अगुवाइमा सचेतना तथा व्यवहार परिवर्तन जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।

३ बालविवाहलाई निरुत्साहित गर्न बीस वर्ष उमेर पुगेर विवाह गर्ने नयाँ दम्पति तथा उनीहरुका आमा बुवारअभिभावकहरुलाई सार्वजनिक रुपमा सम्मान गरिनेछ ।

४ बाल विवाह मुक्त वडा तथा पालिका घोषणाका लागि कार्यविधि तयार पारी कार्यान्वयनमा ल्याइनेछ ।

५ लैङ्गिक हिंसा रोकथाम तथा अन्त्यका लागि पुरुषको सहभागितालाई प्रवर्द्धनार्थ पालिका स्तरिय पुरुष संजाल कार्यविधि तयार गरी पुरुष सञ्जाल गठन तथा परिचालन गरिनेछ ।

रणनीति २: स्थानिय शासन प्रक्रियामा नागरिक समाजको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

कार्यनीति

१ नगरपालिकाको वार्षिक तथा आवधिक विकास योजना तर्जुमा गर्दा महिला बालबालिका, विपन्न, सीमान्तकृत, दलित, विविध यौनिक तथा लैंगिक पहिचान भएका व्यक्ति, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, शिक्षक, विद्यार्थी तथा किसान लगायत आम नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।

२ स्थानीयस्तरको योजना कार्यान्वयन प्रकृयामा नागरिक समाज संस्थाको रेखदेख तथा समन्वकारी भूमिकाको खोजी गरिनेछ ।

३ महिला मात्रको पुर्वाधार निर्माण योजनाका उपभोक्ता समितिलाई स्थानीय सहभागिताको अंशमा अधिकतम् ५ प्रतिशत छुट दिईनेछ ।

सिम्रौनगढ नगरपालिका नगर कार्यपालिकाको कार्यालय सिम्रौनगढ, बारा मधेश प्रदेश नेपाल २०७२

४ नगरपालिका अर्न्तगतका समिति, उपसमिति लगायत समुदायस्तरमा गठन हुने उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिला र कम्तिमा १० प्रतिशत दलित तथा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व अनिवार्य गरिनेछ ।

५ सहभागितामुलक योजना तर्जुमा प्रक्रियामा वस्ती/वडातहमा आम भेला गर्दा महिला, बालबालिका, दलित समुदायलाई पायक पर्ने वस्ती/टोलमा गरिनेछ ।

६ वडास्तरवाट बालबालिका सम्वन्धी योजना तर्जुमा गर्नुपूर्व वडास्तरीय बाल भेला अनिवार्य गरिनेछ ।

७ पालिका तथा वडातहमा हुने योजना, अनुगमन तथा सुनुवाईमा विविध प्रकिया तथा चरणहरुमा महिलाको सहभागिता र माँगको सम्बोधन गरिनेछ ।

८ स्थानीय शासन प्रकृयामा दलित, महिला, विविध यौनिक तथा लैङ्गिक पहिचान भएका व्यक्ति, अपाङ्गता भएको व्यक्ति तथा विपन्न समुदायको सहभागिता वृद्धि गर्न नागरिक समाज संस्था, वडास्तरका विभिन्न समुह तथा टोल विकास संस्थाहरु संगको सहकार्यमा सामुदायिक छलफल केन्द्र संचालन गरिनेछ ।

९ सामुदायिक छलफल केन्द्र मार्फत् नीति कार्यान्वयन र व्यवहार परिवर्तनमा सहयोग पुर्‍याउने गरी नियमित रुपमा समावेशी सम्वाद (महिला-पुरुष, दलित-गैर दलित, बालबालिका, विपन्न वर्ग, स्रोत साधनमा पहुँच भएका र निर्णय तहका पदाधिकारीहरु विच) गरिनेछ ।

१० नगरपालिका तहमा विपन्न, विविध यौनिक तथा लैङ्गिक पहिचान भएका व्यक्ति तथा सीमान्तकृत महिला तथा पुरुषहरूको समेत सहभागितामा कम्तिमा वर्षको एक पटक सामाजिक परीक्षण तथा दुईपटक सार्वजनिक सुनुवाई गरिनेछ ।

रणनीति ३ : सरकारी, गैर सरकारी, सामुदायिक, सहकारी तथा निजी क्षेत्रका संघ संस्थाहरु संगको सहकार्यमा योजना तर्जुमा गरी लैंङ्गिक समानता अपाङ्गगता तथा सामाजिक समावेशीकरण सम्वन्धी कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

कार्यनीति:

१ सहभागितामूलक पद्धति अवलम्वन गरी आवधिक, वार्षिक र रणनीतिक योजना तर्जुमा गरिनेछ ।

२ महिला, बालबालिका, दलित, अपाङ्गता भएको व्यक्ति तथा बञ्चितिकरणमा परेका/पारिएका वर्गको आवश्यकता र चाहनालाई ध्यानमा राखि कल्याणकारी र रणनीतिक आवश्यकता पुरा गर्ने खालका योजनालाई प्राथमिकता दिईनेछ ।

३ महिला, बालबालिका, दलित, विपन्न, अपाङ्गता भएको व्यक्ति तथा सीमान्तकृत वर्गलाई प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रम संचालन गर्न नगरपालिकाको पूजींगत बजेटको न्यूनतम् १० प्रतिशत बजेट विनियोजित गरिनेछ ।

४ दलित, महिला, विपन्न तथा अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक सशक्तिकरणका लागि रोजगारमुलक तालिम, व्यवसाय गर्न आर्थिक अनुदान, कृषि विउविजन वितरण र आयमुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

५ एकल महिला र एकल पुरुष माथि हुने विभेद, महिला हिंसा, लैङ्गिक हिंसा, दाईजो प्रथा, छुवाछुत, बाल विवाह, बाल श्रम, दलित माथि हुने भेदभाव तथा छुवाछुत, बञ्चितीकरणमा परेका वा पारिएका वर्ग प्रति हुने भेदभाव, शोषण जस्ता कूरिती विरुद्ध तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका पक्षमा बस्ति स्तरमा जनचेतनामूलक कार्यक्रमहरु निरन्तर संचालन गरिनेछ ।

६ सरकारी तथा गैरसरकारी संस्थाहरुले अवलम्वन गरेको सामाजिक परिचालन कार्यक्रहरुवाट लैङ्गिक तथा सामाजिक हिंसा कम गर्न प्राप्त सफलताको विश्लेषण गरी सामाजिक परिचालन कार्यक्रमलाई थप प्रभावकारी वनाईनेछ ।

७ विभिन्न निकाय वा संघ संस्थाहरुवाट संचालित सामाजिक परिचालन सम्वन्धी कार्यक्रमको विचमा समन्वय गरी दोहोरोपनाको अन्त्य र परिपूरक नतिजा (Synergy) हासिल गरिनेछ ।

८ कृषि प्रसार तथा पशु सेवा, खाद्य सुरक्षा, पोषण, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, लघु तथा घरेलु उद्यम, पर्यटन र कृषि तथा गैर कृषि उपजको बजारीकरण जस्ता आधारभूत स्थानीय सेवालाई प्रभावकारी वनाउन विषयगत शाखा, सरकारी निकाय, गैर सरकारी संस्था, सहकारी तथा निजी क्षेत्रसँग सहकार्य र समन्वय गरिनेछ ।

९ न्यायिक समितिको भूमिकालाई व्यापक बनाउदै बालबालिका तथा महिला विरुद्धहुने हिंसा रोकथाम तथा प्रतिकार्यका प्रवर्द्धनात्मक, निरोधात्मक तथा कानुनी उपचारात्मक पद्धति प्रभावकारी रुपमा अवलम्वन गरिनेछ ।

१० घरेलु तथा सामाजिक हिंसा, लैङ्गिक विभेद, बालविवाह, दाईजो प्रथा लगायतका सामाजिक कुरिति र बलात्कार तथा यौन शोषणविरुद्ध जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

११ महिलाहरुको कार्यवोझ विश्लेषण गरी घरभित्र गरिने कामको आर्थिक गणना तथा लेखांकन गर्ने विधि अवलम्वन गरिनेछ ।

१२ बालमैत्री स्थानीय शासन समिति गठन गरि बालमैत्री स्थानीय शासन प्रभावकारी रुपमा संचालन गरिनेछ ।

१३ सवै किसिमका अपाङ्गता भएका व्यक्तिहरुको लागि उपयुक्त नीति तथा निर्देशिका बनाई कार्यान्वयन गर्ने ।

१४ अपाङ्गता भएका व्यक्तिहरुको वर्गिकृत्त एकिन तथ्याङक संकलन गरि आवश्यकताको आधारमा लक्षित कार्यक्रम संचालन गर्ने ।

१५ अपाङ्गता भएका व्यक्तिहरुको शैक्षिक पहुँचको अवस्था एकिन गरि अपाङ्गतामैत्री सिकाई वातावरण सृजना गर्ने ।

१६ अपाङ्गता भएका व्यक्तिहरुका लागि स्वास्थ्य उपचार, पुनर्स्थापना र संरक्षण गर्न सामाजिक उत्थान तथा सशक्तिकरणका लागि विभिन्न कार्यक्रमहरु संचालन गर्ने ।

१७ अपाङ्गता भएका व्यक्तिहका लागि आवश्यक सहायक सामाग्रीहरुको व्यवस्थापन गरिनेछ । उनीहरु प्रति गरिने सामाजिक दुर्व्यवहार तथा विभेद अन्त्य गरि सम्मानपुर्वक बाँच्न पाउने वातावरण सृजना गर्ने ।

१८ विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्वन्धि निर्णायक तहमा महिला, वालवालिका, अपाङ्गता भएका व्यक्तिहरु तथा लक्षित वर्गको सहभागिता सुनिश्चित गर्ने ।

**रणनीति ४ : नगरपालिकामा विद्यमान लैङ्गिक, सामाजिक तथा आर्थिक विभेद कम गर्न टोल विकास संस्था, सामुदायिक संस्था (महिला, दलित, मधेसी, विपन्न, कृषक, विविध यौनिक तथा लैङ्गिक पहिचान भएका व्यक्ति बञ्चितीकरणमा परेका वर्गहरुको समुह), बाल क्लब तथा तिनको संजाल जस्ता नागरिक समाज संस्थाहरुको क्षमता विकास गर्ने ।**

कार्यनीति

१ महिला, बालबालिका, दलित, मधेसी, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, विपन्न, विविध यौनिक तथा लैङ्गिक पहिचान भएका व्यक्ति साथै सीमान्तकृत समुदाय लगायत बञ्चितीकरणमा परेका वा पारिएका वर्ग र तिनका समूह तथा संजालहरुको क्षमता विकास कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।

२ जातीय विभेद, लैंङ्गिक हिंसा, अन्धविश्वास तथा कुरितीहरु विरुद्ध विशेष अभियानहरु संचालन गरिनेछ ।

३ महिला तथा दलित जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धिका लागि तालिम, गोष्ठी, भ्रमणहरुको आयोजना गरिनेछ ।

४ महिला, दलित, मुस्लिम तथा वञ्चितीकरणमा परेका/पारिएका व्यक्तिहरूको सीप वृद्धि गर्न सीपमूलक तालिमरु संचालन गरिनेछ ।

५ महिला, बालबालिका तथा किशोरीहरु माथि हुन सक्ने हिंसा, दुर्व्यवहार, शोषणका साथै विभिन्न प्रकारका महामारी, प्रकोप तथा विपत्तको समयमा सुरक्षित रहन जीवनोपयोगी सीपहरु प्रदान गरिनेछ । नगरपालिकास्तरमा सुरक्षित आवास स्थापना गरि घरेलु हिंसा पीडित महिला, अभिवाहक विहिन



सिमौनगढ नगरपालिका नगर कार्यपालिकाको कार्यालय, बारा सिमौनगढ, मधेश प्रदेश नेपाल २०

बालबालिका, अपाङ्गता भएका व्यक्ति,विविध यौनिक तथा लैङ्गिक पहिचान भएका व्यक्ति, जेष्ठ नागरिक र महामारी वा विपत्तवाट प्रभावित व्यक्ति, परिवार, समुदायलाई संरक्षण गरिनेछ ।

६ महिला, दलित तथा वञ्चितीकरणमा परेका/पारिएका मानिसहरूका लागि उपयुक्त हुने आधारमा प्रशिक्षण विधि, सूचना, शिक्षा तथा सञ्चार सामग्री, भाषा एवम् समय तालिका निर्धारण गरिनेछ ।

७ स्थानीय शासन प्रक्रियामा महिला,विविध यौनिक तथा लैङ्गिक पहिचान भएका व्यक्ति, तथा वञ्चितीकरणमा परेका/पारिएका समुहहरुको आवाज सुनिश्चित गर्न उनीहरुको नेतृत्व क्षमता विकास गरिनेछ ।

८ नगरपालिकाका महिला, दलित र अल्पसंख्यक समुदायवाट प्रतिनिधित्व गर्ने सदस्यहरुको नेतृत्व क्षमता विकास गरिनेछ ।

९ नगरपालिकाले संचालन गर्ने सामुदायिक कार्यक्रमहरु प्राविधिक क्षमता र व्यवहारिकताका आधारमा महिला, दलित, विपन्न र वञ्चितीकरणमा परेका/पारिएका वर्ग वा तिनका संगठन मार्फत संचालन गर्न प्रोत्साहित गरिनेछ ।

**रणनीति ५ : सिम्रौनगढ नगपालिकाको सेवा प्रवाह संयन्त्र र प्रक्रिया तथा संरचना लैङ्गिक, अपाङ्गता तथा बालमैत्री हुने गरी परिमार्जन तथा सुधार गर्ने ।**

कार्यनीति

१ महिला समूह, नागरिक समाज संस्था, टोल विकास संस्था, बाल क्लव, बाल क्लव संजाल, सामुदायिक संस्था, सहकारी संस्था, उपभोक्ता समिति र दलित र वञ्चितीकरणमा परेका/पारिएका वर्गको समूह वा संजाल गठन गर्दा महिला, दलित तथा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व अनिवार्य गराईनेछ ।

२ योजना तर्जुमा, बजेट विनियोजन, अनुगमन र सामाजिक जवाफदेहिता सम्वन्धीका संरचनाहरुमा नागरिक समाज संस्था, टोल विकास संस्था, बाल सञ्जाल लगायत वञ्चितीकरणमा परेका/पारिएका समूह, समुदायको प्रतिनिधित्व रहने व्यवस्था मिलाइनेछ ।

३ सामुदायिक संस्था, गैरसरकारी संस्था, बाल क्लब/संजाल, महिला समूह, कृषक समूह, युवा क्लब लगायतका नागरिक समाज संस्थाहरुलाई नगरपालिकावाट प्रदान गरिने सेवा, संचालन गरिने योजना र नीति, कार्यक्रम तथा बजेट सम्बन्धी जानकारी गराई उनीहरुको पहुँच वढाईनेछ ।

४ लैङ्गिक समानता अपाङ्गगता तथा सामाजिक समावेशीकरण सम्बन्धि स्थानीय सवाल र समाधानका उपायहरुको खोजी गर्न नगर सभामा प्रतिनिधित्व गर्ने महिला, दलित र अल्पसंख्यक समुदायका सदस्यहरुको संजाल गठन गरिनेछ ।

५ कर्मचारी भर्ना, बढुवा, सरुवा तथा क्षमता अभिवृद्धि लगायत कर्मचारी प्रशासन सम्बन्धी नीति तथा कानूनहरु लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशीकरणको अवधारण अनुरुप हुनेछन् ।

६ नगर कार्यपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी छुट्टाछुट्टै शाखा/इकाई र सम्पर्क व्यक्तिको व्यवस्था गरिनेछ।

७ गरिबी परिचय पत्र प्राप्त गरेका महिला तथा यौनिक तथा लैङ्गिक पहिचान भएका व्यक्ति तथा बञ्चितीकरणमा परेका वा पारिएका समुदायहरुका लागि स्थानीय स्तरमा आधारभूत सेवा सुविधा उपलब्ध गराउने विशेष संयन्त्र निर्माण गरिनेछ।

८ महिलाहरूको नाममा दर्ता भएको जग्गाको लगत, व्यक्तिगत घटना दर्ता, अपाङ्गता परिचयपत्र वितरण लगायत सार्वजनिक सेवामा महिला, बालवालिका, दलित, अपाङ्गता भएका र वञ्चितीकरण सम्बन्धी खण्डीकृत लगत तयार गरि कार्यपालिका र वडा समितिहरुमा उपलब्ध गराईनेछ।

९ वञ्चितीकरणमा परेका/पारिएका समूहहरूको सहभागितालाई सुनिश्चित गराउन वस्ती तहमा योजना तर्जुमाको समयावधि थप गरिनेछ।

१० समुदाय/वस्ती/वडा तहवाट प्राथमिकता तोकि आएका नगर सभामा पेश हुने योजनाहरुमा लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशीकरणसम्बन्धी योजना तथा कार्यक्रम समावेश भए नभएको सुनिश्चित गर्ने जिम्मेवारी विषयगत समितिहरुलाई दिईनेछ।

११ महिला, बालबालिका, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, विविध यौनिक तथा लैङ्गिक पहिचान भएका व्यक्ति विपन्न, सीमान्तकृत लगायत वञ्चितीकरणमा परेका वा पारिएका वर्गको आय आर्जनका लागि कृषि तथा पशुपालन व्यवसाय, व्यापार तथा लघु उद्यम सम्वन्धी कार्यक्रम संचालनका लागि अनुदान तथा प्राविधिक सहयोग उपलव्ध गराउन नगरपालिकास्तरमा एक लक्षित वर्ग कोष स्थापन गरिनेछ।

१२ यस नगरपालिकामा निर्माण भएका सवै विद्यालय भवन, कक्षा कोठा तथा शौचालयहरुलाई अपाङ्गतामैत्री ,वालवालिका तथा किशोरी मैत्री वनाईनेछ साथै नयाँ निर्माण हुने भवनमा अपाङ्गतामैत्री ,बालवालिका तथा किशोरी मैत्री आचार संहिता निर्माण गरि कडाईका साथ लागु गरिनेछ।

१३ विद्यालय आउन नसक्ने अपाङ्गता भएका वालवालिकाहरुका लागि घरमा विद्यालय कार्यकम संचालन गरिनेछ।

१४ विद्यालय स्तरमा समावेशि शिक्षाका अवधारणा अनुसार, दक्ष शिक्षक, कक्षा कोठा, शिक्षण विधि तथा पाठ्यकम तथा पाठ्यपुस्तकहरु निर्माण गरि लागु गरिनेछ।

१५ सवै वडाहरुमा सामाजिक परिचालन अभियानको रुपमा संचालन गरी यस सम्बन्धी गतिविधिहरुको चौमासिक समीक्षा गरिनेछ।

## ४.नीति कार्यान्वयन

### ४.१ लैङ्गिक समानता अपाङ्गगता तथा सामाजिक समावेशीकरण समिति

लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयनमा नेतृत्वदायी भूमिका निर्वाह गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी देहाय वमोजिमको लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशीकरण समितिको गठन गरिनेछ ।

(१) नगर उपप्रमुख.................................................................... संयोजक
(२) सामाजिक विकास समितिका संयोजक........................................ सदस्य
(३) आर्थिक विकास समितिका संयोजक............................................. सदस्य
(४) प्रमुख प्रशासकीय अधिकृत..........................................................सदस्य
(५) कार्यपालिकाले तोकेको नागरिक समाज संस्थाका महिला प्रतिनिधि, विविध यौनिक तथा लैङ्गिक पहिचान भएका व्यक्ति तथा अपाङ्गता भएका व्यक्तिहरुका प्रतिनीधि गरि ३ जना..........सदस्य
(६) सामाजिक विकास शाखा ...........................................................सदस्य
(७) महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख...........................सदस्य सचिव

नोट : यस समितिले आवश्यकता अनुसार विषय विज्ञ, महिला, बालबालिका, दलित, आदिवासी जनजाति, विपन्न र अपाङ्गता भएका व्यक्ति, तिनको समूह वा संजालका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

### ४.२ लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशीकरण समितिको कार्यक्षेत्र :

यस समितिले लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने, नीति कार्यान्वयनका लागि जनशक्ति तथा बजेट व्यवस्था गर्न कार्यपालिकासंग अनुरोध गर्ने, विभिन्न साझेदार संस्थाहरुविच समन्वय गर्नाको अतिरिक्त देहाय वमोजिमका कार्यहरु गर्नेछ ।

(१) नगरपालिकाका कानून, नीति, कार्यक्रम तथा बजेट लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयनमा सहयोग पुग्ने खालका छन् वा छैनन् पुनरावलोकन गरि आवश्यक भएमा परिमार्जनका लागि कार्यपालिका मार्फत सम्वन्धित निकायलाई सुझाव दिने ।

(२) लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशीकरण नीति मूलप्रवाहीकरणका लागि उपयोगी विधि एवम् प्रक्रियाहरूको पहिचान् गर्ने ।

(२) नगरपालिकामा भएका विकास प्रयासहरू र महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति र वञ्चितीकरणमा परेका वा पारिएका व्यक्ति, समूहको तथ्याङ्क विश्लेषण गर्ने ।

(३) लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्ययोजना निर्माण र कार्यान्वयनमा सहजीकरण र अनुगमन गर्ने ।

(४) आवधिक तथा वार्षिक योजना, कार्यक्रम तथा बजेटमा लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी विषयहरु समावेश गर्न सरोकारवालाहरुलाई सहयोग गर्ने ।

(५) नगरपालिकास्तरीय योजना अनुगमन गरिदा लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशीकरणको समेत सूचक समेत समावेश गर्न दिने ।

(६) लैङ्गिक उत्तरदायि बजेट निर्माण गर्न तथा लैंगिक तथा सामाजिक समावेशी बजेट परीक्षण गर्न सहजीकरण गर्ने ।

**४.३ लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशीकरण समितिको बैठक:**

(१) समितिको बैठक चौमासिक रुपमा बस्नेछ ।
(२) बैठक बस्ने मिति, समय, स्थान र बैठकको एजेण्डा समिति आफैले निर्धारण गर्नेछ ।
(३) बैठकले महिला, बालबालिका, दलित र बञ्चितीकरणमा परेका/पारिएका वर्गहरुको हितमा गरेका निर्णयहरु अभिलेखमा राखी प्रगति प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्ने जिम्मेवारी सदस्य सचिवको हुनेछ ।
(४) बैठक भत्ता कार्यपालिकाले अन्य समितिलाई निर्धारण गरे वमोजिम हुनेछ ।

**४.४ नीति कार्यान्वयनमा सहयोग**

यो नीति कार्यान्वयन गर्न आ-आफ्नो कार्यक्षेत्रभित्रका विषयहरुमा नगरपालिकालाई प्राविधिक तथा आर्थिक सहयोग, समन्वय र सहजीकरण गर्नु सबै सरकारी तथा गैर सरकारी निकाय, सहकारी तथा निजी क्षेत्र, नागरिक समाज संस्था र विकास साझेदारहरुको कर्तव्य हुनेछ ।

## ५. अनुगमन तथा प्रतिवेदन

### ५.१ अनुगमन विधि

(१) वार्षिक रुपमा लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशीकरण नीति, २०८२ कार्यान्वयनको अनुगमन गरिनेछ ।

(२) यस्तो अनुगमन गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गठन हुने आयोजनाको सुपरिवेक्षण तथा अनुगमन समिति को समन्वयमा गैरसरकारी संस्था, सामुदायिक संस्था, महिला, बालबालिका, दलित, आदिवासी जनजाति र स्थानीय सामाजिक कार्यकर्ताहरू जस्ता नागरिक समाजका सरोकारवालाहरूको प्रतिनिधित्व रहने व्यवस्था मिलाइनेछ ।

(३) प्रतिफल तथा नतिजा सूचक, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, नागरिक सार्वजनिक सुनुवाई, गुनासो सुनुवाई संयन्त्र स्थापना, 'सिटिजन स्कोर कार्ड' जस्ता अनुगमनका विधिहरू प्रयोगमा ल्याइनेछन् ।

**५.२ अनुमगन तथा प्रतिवेदनका फारममा रहने मुख्य विषयहरू:**

(१) दलित, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति,कृषक, मजदुर,जेष्ठ नागरिक, तथा वञ्चितीकरणमा परेका/पारिएका समूहहरूको सेवा, सुविधामा पहुँच, दाईजो लगायतका महिला हिंसा र सामाजिक विभेदमा कमी, वञ्चितीकरणमा परेका वा पारिएका वर्ग/समूहहरूको निर्णय गर्ने क्षमता अभिवृद्धि सम्वन्धी कार्य र तिनको प्रभावकारिता जस्ता विषयहरु ।

(२) दलित, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति,कृषक, मजदुर, जेष्ठ नागरिक, तथा बञ्चितीकरणमा परेका/पारिएका तथा सीमान्तकृत वर्गलाई प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रम संचालन गर्न कुल विनियोजित रकमको कति प्रतिशत यी समूहका लागि प्रत्यक्ष फाइदा पुग्ने गरी, कति प्रतिशत आंशिकरूपमा फाइदा पुग्ने गरी र कति प्रतिशत तटस्थ रहेको छ सोको लेखाजोखा गर्ने ।

(३) यो नीति कार्यान्वयनवाट स्थानीय स्तरमा भएको सामाजिक तथा आर्थिक परिवर्तन र तिनका सवालहरु ।

**५.३ प्रतिवेदन कार्यपालिकामा पेश गर्नु पर्ने :**

(१) अनुमगन समितिले तयार गरेको प्रतिवेदन लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशीकरण समितिमा छलफल हुनेछ ।

(२) समितिमा छलफल भए पश्चात यस्तो अनुगमन प्रतिवेदन सुझाव सहित आवश्यक कारवाहिको लागि नगरकार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।



CamScanner